श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

तनहुँ जिल्लाको दुलेगौंडा गा. वि. स. र खैरेनीटार गा. वि. स. अन्तर्गत पृथ्वी राजमार्ग वरपरको सरकारी जग्गामा बसोबास गरेका र जग्गा ओगटी राखेको सम्बन्धमा वास्तविक वस्तुस्थिति बुझी तथ्य पत्ता लगाई प्रतिवेदन पेश गर्न श्री ५ को सरकारले देहायबमोजिमको आयोग गठन गरेको छ ।

क) आयोगको गठन विधिः

१. राष्ट्रिय सभाका माननीय सांसद श्री नरबहादुर गुरुङ – अध्यक्ष
२. श्री प्रतिनिधि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय – सदस्य
३. श्री प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय – सदस्य

ख) आयोगको काम, कर्तव्यः

१. हाल बसोबास भइरहेको क्षेत्रको ४ सिमाना एकिन गरी त्यसभित्र घर बनाइ बस्ने र जग्गा मात्र ओगट्नेको तथ्याङ्क संकलन गर्ने ।

२. यी बसोबास गर्ने वा जग्गा ओगट्नेहरूले विघटित जिल्ला पञ्चायत वा गाउँ पञ्चायत वा अन्य कुनै निकायबाट कुनै किसिमको जग्गा ओगट्ने प्रमाण पाएको भए त्यसको विवरण संकलन गर्ने ।

३. हाल बसोबास वा जग्गा ओगटिएबाट वन क्षेत्र र सडकको राइट अफ वेमा कस्तो प्रभाव परेको छ सो बारे अध्ययन गर्ने ।

४. उक्त क्षेत्रका बसोबास गर्नको लागि घडेरी बिक्री वितरण गर्न घर बनिसकेका सडकको छेउमा पर्ने अथवा यस्तै किसिममा विभाजन गरी जग्गाको मूल्य तोक्न सिफारिश गर्ने ।

५. यस बारेमा हाल त्यहाँ कुनै किसिमको निजी वा सरकारी समिति वा समूह वा निकाय कार्यरत छन् भने तिनीहरूबाट भएको वा भइरहेको कार्यवाही अध्ययन गर्ने ।

६. उक्त क्षेत्रका बसोबास गराउनको लागि कुन किसिमको योजना र व्यवस्थापन आवश्यक पर्ने हो त्यस बारे अध्ययन गर्ने ।

ग) आयोगको कार्यावधिः

१. आयोगको कार्यावधि काम शुरू गरेको मितिले एक महिना हुनेछ ।

आज्ञाले,
तेजप्रसाद उपाध्याय
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४८५

## श्री ५ को सरकार

## स्वास्थ्य मन्त्रालयको सूचना

श्री ५ को सरकारले पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समिति (गठन) आदेश, २०४३ को दफा ३ को उपदफा (५) ले दिएको अधिकार प्रयोग गरी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल विकास समितिको देहायबमोजिम अध्यक्ष र समाजसेवीका सदस्यहरूमा मनोनीत तथा आई.एन.एफ. का सदस्यहरूमा थप समेत गरेको छ।

क) श्री ५ को सरकारद्वारा मनोनीत श्री लेखतमान लामाजु – अध्यक्ष
ख) पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयको निर्देशक – उपाध्यक्ष
ग) प्रमुख जिल्ला अधिकारी, कास्की जिल्ला – सदस्य
घ) अध्यक्ष, जिल्ला विकास समिति, कास्की – सदस्य
ङ) डाइरेक्टर ईन्टरनेशनल आई.एन.एफ. – सदस्य
च) सिनियर एडमिनिष्ट्रेटिव स्टाफ मेम्बर आई.एन.एफ. – सदस्य
छ) सिनियर मेडिकल टेक्नीकल स्टाफ आई.एन.एफ. – सदस्य
ज) क. श्री ५ को सरकारद्वारा समाजसेवीहरू मध्येबाट मनोनीत ३ जना –
१. डा. श्री कुमारशम्शेर राणा – सदस्य
२. प्रा. श्री विष्णुगोपाल प्रधान – सदस्य
३. श्रीमती शारदा पौडेल – सदस्य
ख. श्री ५ को सरकारद्वारा विशेषज्ञ डाक्टरहरू मध्येबाट मनोनीत दुईजना – सदस्य
झ) अध्यक्ष, जिल्ला रेडक्रस सोसाइटी, कास्की – सदस्य
ञ) अध्यक्ष, पोखरा नगरपालीका – सदस्य
ट) वरिष्ठ प्रशासक, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल – सदस्य
ठ) मेट्रोन, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल – सदस्य
ड) मेडिकल सुपरिण्टेण्डेण्ट, पश्चिमाञ्चल क्षेत्रीय अस्पताल – सदस्य-सचिव

आज्ञाले,
मुकुन्दशम्शेर थापा
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

860

### श्री ५ को सरकार
## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले ओखलढुङ्गा जिल्लामा नाप जाँच भएका गा. वि. स. हरू मध्ये हाललाई कटुन्जे, टार केराबारी, गाम्नाङटार, सेर्ना, खिजी चण्डेश्वरी, रावादोलु, रातमाटे समेत ७ वटा गा. वि. स. हरूमा सरकारी, सार्वजनिक वा वन क्षेत्रको जग्गा मिची दर्ता गरे गराएकोमा सो सुधार गराउन वा नाप नक्शा गरी दर्ता गर्ने सम्बन्धमा समस्या उठेको देखिएमा छानविन गरी आवश्यकतानुसार दर्ता बदर गर्न वा सो सुधार गरी समस्या सुल्झाउनको निमित्त आवश्यक निर्णय गर्न जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ ख. बमोजिम निम्न पदाधिकारीहरू भएको समिति गठन गरी सो समितिको काम, कर्तव्य र अधिकारहरू तथा कार्य अवधि निम्न बमोजिम तोकेको छ ।

१. समिति

(१) प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गा – अध्यक्ष
(२) जिल्ला वन नियन्त्रक, ओखलढुङ्गा – सदस्य
(३) मालपोत अधिकृत, ओखलढुङ्गा – सदस्य
(४) सम्बन्धित गाउँ विकास समितिका सचिव – सदस्य
(५) प्रमुख जिल्ला अधिकारी, ओखलढुङ्गाले तोकेको कुनै दुई (२) जना – सदस्य
(६) १ नं. नापी गोश्वराका प्रमुख नापी अधिकृत – सदस्य-सचिव

२. समितिको काम, कर्तव्य र अधिकारहरू

(१) उक्त ७ वटै गा. वि. स. हरूमा सार्वजनिक जग्गा, सरकारी जग्गा वन सिमानाभित्रको जग्गा मिची नाप नक्शा गराई दर्ता गरे गराएको भन्ने सम्बन्धमा जग्गा (नाप जाँच) ऐन, २०१९ तथा जग्गा नाप जाँच नियमावली, २०३२ (संशोधन सहित) अनुसार आवश्यक छानविन एवं जाँचबुझ गर्ने ।

(२) यसरी जाँचबुझ गर्दा प्रचलित ऐन, नियम विपरीत अनियमित काम कारवाही भए गरेको देखिएमा निम्न लिखित अधिकारहरू समेत प्रयोग गरी सो अनियमित दर्ता बदर गर्ने गराउने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
869

(क) जग्गा (नाप जाँच) ऐन, २०१९ को दफा ११ ख. मा उल्लेख भए अनुसारका कुराहरूमा सुधार गर्ने वा समस्या सुल्झाउने सम्बन्धमा मालपोत ऐन, २०३४ (संशोधन सहित) को दफा २४ तथा वन ऐन, २०१८ (संशोधन सहित) को दफा २१ क. मा उल्लेखित अधिकारहरू समेत प्रयोग गरी आवश्यक निर्णय गर्ने ।

(ख) जग्गा (नाप जाँच) ऐन, २०१९ र जग्गा (नाप जाँच) नियमावली, २०३२ बमोजिम निर्णय गर्दा सो मा उल्लेखित विषयमा सोही बमोजिम र सो मा उल्लेख नभएका तर यस समितिलाई निर्णयको लागि आवश्यक पर्ने अन्य प्रचलित कानूनमा उल्लेख भएका सम्बन्धित सबै अधिकारहरू प्रयोग गर्ने ।

(ग) यसरी छानबिन गर्दा जानाजानी प्रचलित ऐन, नियमको वखिलाप कर्मचारीहरूले काम गरेको देखिन आएमा निजहरूलाई आवश्यक विभागीय कार्यवाही गर्न आफ्नो राय ठहरसाथ सम्बन्धित विभागहरूमा पठाउने ।

(३) यो समितिको कार्यावधि काम शुरू गरेको मितिले ६ महिनाको हुनेछ ।

आज्ञाले,
आत्माराम पौडेल
श्री ५ को सरकारको निमित्त सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४६२